# "समुदायमा सरकारी वकील कार्यक्रम"
# स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुसँग कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

<u>प्रतिवेदन</u>

मितिः २०८२ साल चैत १० गते

आयोजक
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

<u>प्रतिवेदक</u>

जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट ।

## विषयसूची


| | | पृ. |
|---|---|---|
| १. | कार्यक्रमको संक्षिप्त जानकारी | १ |
| २. | कार्यक्रमको उद्देश्य | १ |
| ३. | कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता | १ |
| ४. | छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू | २ |
| ५. | छलफलमा उठेका विषयहरूको सम्बोधन | ४ |
| ६. | कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू | ६ |
| ७. | कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू | ६ |
| ८. | आगामी कार्यक्रमका लागि सुझाव | ६ |
| | अनुसूचीहरु | |
| | क) कार्यक्रम तालिका | ७ |
| | ख) कार्यक्रमका सहभागीहरूको नामावली | ९ |
| | ग) कार्यक्रमको तस्विर | १२ |
| | घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू | १३ |

## कार्यक्रमको संक्षिप्त प्रतिवेदन

### १. कार्यक्रमको संक्षिप्त जानकारी

१) कार्यक्रमको नामः समुदायमा सरकारी वकील कार्यक्रम

स्थानीय तहका न्यायिक समितिका पदाधिकारी सहित सरोकारवालाहरुसँग कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

२) कार्यक्रम सञ्चालन स्थानः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट।

३) आयोजकः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

४) मितिः २०८२।१२।१०

५) कार्यक्रम अवधिः विहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म

६) सहभागी संख्याः महिलाः ९ पुरूषः २४ जम्माः ३३

७) कार्यक्रम संयोजन

क) संयोजकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

ख) सह-संयोजकः नायव सुब्बा श्री गणेशबहादुर घर्ति

ग) प्रतिवेदकः जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

घ) सहयोगीः कम्प्युटर अपरेटर श्री सुमन भण्डारी, कार्यालय सहयोगी मानबहादुर वली र दिपक वली

### २. कार्यक्रमको उद्देश्य

१) समुदायलाई सरकारी वकीलको काम कारबाही बारे जानकारी गराउने ।

२) सरकारवादी मुद्दाको काम कारबाहीमा समुदायको भूमिकाको बारेमा सचेतना जगाउने।

३) कानूनी सहायता सम्बन्धी कानूनी व्यवस्था बारे जानकारी गराउने ।

३) लैङ्गिक हिंसा सम्बन्धी कानूनी सचेतना गराउने।

४) लैङ्गिक हिंसा, सरकारी वकीलको काम कारबाही र सरकारवादी मुद्दाको सम्बन्धमा समुदायले उठाएका जिज्ञाशाहरूको सम्बोधन गर्ने ।

### ३. कार्यक्रममा प्रस्तुत भएका विषयहरू र प्रस्तुतकर्ता

१) पहिलो कार्यपत्रः अपराधको प्रवृत्ति र विश्लेषण, बसन्तकुमार शर्मा, प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

२) दोस्रो कार्यपत्रः सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

३) तेस्रो कार्यपत्रः कानूनी सहायता सम्बन्धी कानूनी व्यवस्था, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

४) चौथो कार्यपत्रः लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहिता र घरेलु हिंसा कानूनमा भएको व्यवस्थाहरु, नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट

## ४. छलफलमा व्यक्त भएका विचारहरू र उठेका मुख्य मुख्य विषयहरू

**श्री चन्द्रबहादुर गिरी**

**कारागार प्रशासक, कारागार कार्यालय, जाजरकोट ।**

- घरेलु हिंसाका कारण महिलाहरु मात्र नभएर पुरुषहरु समेत पीडित रहेको अवस्था छ। घरेलु हिंसाबाट पीडित पुरुषलाई समेत कानूनमा सम्बोधन हुनुपर्ने देखिन्छ।

**श्री सरस्वती शर्मा**

**व्यवस्थापक, महिला अधिकार मञ्च जाजरकोट।**

- लैङ्गिक हिंसा र घरेलु हिंसा पीडित महिलाको तत्काल उद्धार, सुरक्षा र पुर्नस्थापना सहित आय आर्जनका कार्यक्रम संचालनका लागि जिल्ला स्तरमा दिर्घकालिन सेवा केन्द्र स्थापना हुनुपर्छ।
- कानूनी सहायता सम्बन्धी ऐनमा कम्तिमा चालीस हजार सम्मको आय भएको व्यक्तिलाई असमर्थ पक्ष मानि निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था भएकोमा उक्त व्यवस्थालाई संसोधन गरी कम्तिमा पनि तीन लाख सम्म वार्षिक आय भएका व्यक्तिलाई असमर्थ पक्ष मानि निःशुल्क कानूनी सहायता उपलब्ध गराउने व्यवस्था हनुका साथै असमर्थ पक्षले सहज रुपमा छिटो छरितो रुपमा निःशुल्क कानूनी सहायता प्राप्त हुने व्यवस्था हुनुपर्छ।
- बहुविवाह र बालविवाहका कारण मुख्य रुपमा असर महिलालाई नै हुने भएकाले यसको रोकथाम र सचेतनाका लागि सबैको साझा प्रयास हुनुपर्छ।

**श्री प्रकाशकुमार शाह**

**कानून अधिकृत, भेरी नगरपालिका।**

- लैङ्गिक हिंसा न्यूनीकरण र असमर्थ पक्षको निःशुल्क कानूनी सहायतमा पहुँच पुर्याउनका लागि सबै पक्षको साझा प्रयासमा अभियानको रुपमा समुदायलाई जानकारी गराउनुपर्छ ।

**श्री उत्तम गौतम**

**उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेश ।**

- नेपालको संविधानमा नै धारा २० को न्याय सम्बन्धी हकले असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हकलाई सुनिश्चित गर्नुका साथै प्रदेश सरकारले समेत कानूनी सचेतना सम्बन्धी कार्यक्रमहरु गरिरहेको छ।

- तीनै तहको सरकारको समन्वयमा असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता प्राप्त गर्ने अवस्थाको सुनिश्चित हुनुपर्छ ।

**श्री राजुप्रसाद पौडेल**

**प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय जाजरकोट**

- कानूनको अनभिज्ञता क्षम्य नहुने भएकाले सबै नागरिकलाई कानूनी सचेतना आवश्यक रहेको छ।
- समुदायमा मानिसहरुलाई बढि प्रयोग हुने कानूनका बारेमा जानकारी दिंदा अपराध न्यूनीकरणमा टेवा पुग्छ।

**श्री सीता जैसी**

**भेरी नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक**

- लैङ्गिक हिंसा न्यूनीकरण, बालविवाह न्यूनीकरण र सचेतनाका लागि सबै सरोकारवाला निकायको सामूहिक प्रयास अपरिहार्य रहेको छ।
- नगरपालिकाले लैङ्गिक हिंसा पीडितलाई सहयोग गर्न लैङ्गिक हिंसा निवारण कोष, कानूनी सहायता प्रदान गर्नका लागि कानूनी सहायता कोष र बालबालिकाको संरक्षणका लागि आपतकालिन बाल उद्धार कोष सचालन गरेको छ।

**माननीय जिल्ला न्यायाधीश श्री दुर्गाप्रसाद खनाल**

**जाजरकोट जिल्ला अदालत**

- कानूनको जानकारीका साथै कानूनको अक्षरशः पालाना सबैले गर्नुपर्ने उल्लेख गर्दै कसैलाई पनि न्याय पाउनबाट बञ्चित नगरी न्यायको पहुँच पुर्याउन कानूनी सहायता अपरिहार्य भएको छ।
- २०५४ सालमा आएको कानूनी सहायता सम्बन्धी ऐन र २०५५ सालमा आएको नियमावलीमा ४० हजार भन्दा कम आय भएका व्यक्तिलाई असमर्थ पक्ष भनी उल्लेख भएकोमा हालको अवस्थामा उक्त प्रावधान अब्यवहारिक भएकाले संसदले कानून बनाएर संसोधन गर्नुका साथै असमर्थ पक्षलाई न्यायमा पहुँच पुर्याउन निःशुल्क कानूनी सहायता अपरिहार्य भएको छ।

## ५.    छलफलमा उठेका विषयहरूको सम्बोधन

कार्यक्रममा सहभागीले उठाएका जिज्ञाशाहरुको सम्बोधन कार्यपत्र प्रस्तोताबाट भएको थियो।

**श्री बसन्तकुमार शर्मा**

**प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट**

- लैङ्गिक हिंसाको न्यूनीकरण सँगै पीडितको संरक्षण सहित अपराधको नियन्त्रण र रोकथामका लागि प्रहरीलाई कसूरको अपराधको जानकारी दिनुका साथै समुदाय र स्थानीय तहको सहयोग अपरिहार्य रहेको छ।

उक्त कार्यक्रममा सहभागीहरुले छलफलमा उठाएका विषयहरूको जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्सालले सम्बोधन गरी कार्यक्रम समापन गर्नुभएको थियो । छलफलमा उठेका विषयहरूको सम्बोधनलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

**श्री नगेन्द्र लम्साल**

**जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट**

- सरकारवादी फौजदारी मुद्दामा पीडितलाई न्याय दिलाउन कानूनी सहायता, पीडितको संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण गरी कानूनी सचेतनासँगै पीडितलाई न्याय प्राप्त गर्ने कार्यमा स्थानीय तह तथा सरोकारवाला सम्बन्धित निकायहरु प्रहरी, सरकारी वकील, सरकारी निकाय, गैरसरकारी संस्था र अस्पताल सहित पीडितलाई मनोसामाजिक परामर्श र पुर्नस्थापना गर्ने संस्थाहरुको भूमिका महत्वपूर्ण हुन्छ ।
- लैङ्गिक हिंसा सहितका अपराधहरुको न्यूनिकरणका लागि स्थानीय तह, प्रहरी, सरकारी वकील र समुदायसँग सम्बन्धित संघ संस्था र अन्य सरोकारवाला सरकारी निकायको सहयोग र समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु समुदाय स्तरका अगुवा, विद्यालय र क्याम्पसहरुमा गर्दा प्रभावकारी हुन्छ।
- यौनजन्य हिंसा र शारीरिक रुपमा पींडामा परेका पीडितलाई जति सक्दो छिटो अस्पतालमा पुर्याएर चेकजाँच गराउँदा प्रमाणहरु सुरक्षित हुने भएकाले यसका लागि सबै सरोकारवालाहरुबाट पहल हुनुपर्छ ।
- सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा पीडितले कुनै शुल्क तिर्नु पर्दैन । मुद्दासँग सम्बन्धित कागजातहरु अदालतमा अभियोग पत्र पेश गरेपछि पीडितलाई अभियोग पत्र, थुनछेक आदेश र फैसला लगायतका कागजातहरु सरकारी वकील कार्यालयमा आई माग गरेमा निःशुल्क रुपमा उपलब्ध गराइन्छ ।
- जाजरकोट जिल्लामा जिल्ला कानूनी सहायता समिति समेत रहेको छ । समितिले असमर्थ पक्ष र विपन्न व्यक्तिलाई कानूनी सहायता र प्रहरी, अदालत, अर्धन्यायिक निकाय, न्यायिक समिति र जिल्ला प्रशासन कार्यालयमा दिनुपर्ने निवेदनहरु तयार गर्नमा निःशुल्क कानूनी सहायता प्रदान गर्छ । सम्बन्धित नगरपालिका वा गाउँपालिकाको वडा कार्यालयबाट

सिफारिस पत्रसहित असमर्थ पक्षले सहायता मागेमा जिल्ला कानूनी सहायता समितिले रेकर्ड जनाई कानूनी सहायता उपलब्ध गराउँछ । अदालतमा मुद्दा दायर भएपछि कानून व्यवसायी राख्न नसक्ने सरकारवादी फौजदारी मुद्दाका प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकालाई अदालतले समेत निःशुल्क कानूनी सहायता प्रदान गर्न वैतनिक वकिलको व्यवस्था गरेको छ ।

- पीडित व्यक्तिले आफू अपराधबाट पीडित भएमा त्यसको जानकारी प्रहरी कहाँ निवेदन र जाहेरी लिएर जानुका साथै परिवार र समाजले समेत दोषीलाई कारबाही गर्नमा प्रहरीलाई सहयोग गर्नुपर्छ ।
- यौन हिंसा अपराधको रोकथामका लागि सचेतनासँगै, प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकालाई कानूनी कारबाही तथा पीडितको पुर्नस्थापना र न्यायमा पहुँच पुर्याउन सबै क्षेत्रका सरोकारवाला निकाय र समुदाय क्रियाशील भई प्रहरीलाई अनुसन्धानमा सहयोग गर्नुपर्छ ।
- २० वर्ष उमेर नपुगी विवाह गर्नु कसूर भएको बारे सचेतनासँगै बालविवाहले बालबालिकाको शारिरिक र बौद्धिक क्षमतामा पार्ने असरका बारेमा परिवारका सदस्य र बालबालिकालाई यस विषयमा सचेत गराउन जरुरी छ । बालविवाह गर्ने र बालविवाह गराउने परिवारका सदस्यहरुलाई हुने कानूनी सजायको बारेमा जानकारी गराएमा पनि बालविवाहको रोकथाममा सहयोग पुग्छ ।
- पीडित बालबालिका, यौन हिंसा र मानव बेचविखन लगायतका पीडित र निजको परिवारका सदस्यहरुको विवरण गोप्य राखेर सांकेतिक नाम दिने गरिन्छ । बालबालिका पीडित भएको मुद्दामा निजको तर्फबाट जाहेरी दरखास्त दिने नजिकको परिवारको मानिस कोही नभएमा बालबालिकाको क्षेत्रमा क्रियाशील संस्थाका प्रतिनिधि मार्फत र प्रहरी प्रतिवेदनबाट समेत मुद्दाको कारबाही अगाडि बढाउन सकिन्छ । यसैगरी कानूनको विवादमा परेका बालबालिका र निजको परिवारको सदस्यहरुको विवरणसमेत सांकेतिक नाम दिएर गोप्य राखिन्छ ।
- सरकारवादी मुद्दाका पीडितलाई तत्काल कानूनी परामर्शको आवश्यकता भएको जानकारी प्राप्त भएमा सरकारी वकीलबाट समेत कानूनी परामर्श उपलब्ध गराउन सकिन्छ ।
- कुनै पनि वारदातको घटनाको बारेमा जानकार र प्रत्यक्षदर्शी व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण नबताउँदा वारदातमा निजको संलग्नता सम्बन्धमा समेत शंका उत्पन्न हुन सक्छ । त्यसैले प्रत्यक्षदर्शी र घटनाको बारेमा जानकार व्यक्तिले घटनाको बारेमा यथार्थ विवरण खुलाइ दिनु पर्छ ।

कार्यक्रममा सरकारी वकील, प्रहरी, कानून व्यवसायी, अस्पतालका प्रतिनिधि, लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, सरोकारवाला सरकारी कार्यालयका प्रमुख र प्रतिनिधिहरु र भेरी नगरपालिकाका न्यायिक समितिका पदाधिकारीहरु, जनप्रतिनिधि र कर्मचारीहरु गरी ३३ जनाको सहभागीता रहेको थियो ।
कार्यक्रमको संचालन जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका सहायक जिल्ला न्यायाधिवक्ता डिल्लीराज ज्ञवालीले गर्नुभएको थियो ।

## ६. कार्यक्रमबाट हासिल मुख्य उपलब्धिहरू

- सरकारी वकीलको काम कारबाही बारे सहभागीलाई जानकारी भई सरकारी वकीलको कामको पहिचानमा वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको प्रकृयाको बारेमा सहभागीलाई जानकारी भएको छ ।
- लैङ्गिक हिंसाको विषयमा सचेतना वृद्धिसँगै लैङ्गिक हिंसाको कानूनी उपचारका सम्बन्धमा सहभागीहरुलाई जानकारी प्राप्त भएको छ।
- सरकारी वकीलको काम कारबाहीको उत्तरदायित्व र पारदर्शीताको सम्बन्धमा सहभागीले राखेको जिज्ञाशा र त्यसको सम्बोधनले मद्दत गरेको छ ।
- अपराधको न्यूनीकरण एवम् कानूनको न्यायप्रणाली प्रति विश्वासको भावना वृद्धि भएको छ ।
- सरकारवादी मुद्दाको अनुसन्धानमा समुदायको सहयोगले फौजदारी न्याय प्रशासन सवल बनाउन र पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन महत्वपूर्ण भूमिका हुने भनी सहभागीमा सचेतना वृद्धि भएको छ ।
- निःशुल्क कानूनी सहायता प्राप्त गर्ने प्रकृयाका बारेमा सहभागीहरुलाई जानकारी भएको छ।

## ७. कार्यक्रम आयोजनामा आइपरेका समस्या/चुनौतीहरू

कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रम आयोजना र सञ्चालनमा कुनै समस्या र चुनौतीको सामना आयोजकले गर्नु परेन ।

## ८. आगामी कार्यक्रमका लागि सुझाव

- समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रूपमा समुदायका हरेक क्षेत्र, वर्ग र जिल्लाका विभिन्न स्थानमा कार्यक्रम आयोजना गर्दा सरकारी वकीलको पहिचान वृद्धि हुनुका साथै अपराधको रोकथाम, न्यूनिकरण र अपराधको अनुसन्धानमा समुदायको सहयोगमा वृद्धि हुने देखिन्छ ।

**अनुसूचीहरू**

**क) कार्यक्रम तालिका**

## "समुदायमा सरकारी वकील कार्यक्रम"
## स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुसँग कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम

मितिः २०८२।१२।१० गते समयः विहान ११:०० बजेदेखि ०३:०० बजेसम्म

कार्यक्रम स्थानः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट ।

आयोजकः जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट।

कार्यक्रम सञ्चालकः सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली।

| | |
|---|---|
| ११:००-११:३० | उपस्थिति<br>कार्यक्रम अध्यक्षताः जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता श्री नगेन्द्र लम्साल<br>प्रमुख अतिथिः जाजरकोट जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री दुर्गाप्रसाद खनालज्यू,<br>विशेष अतिथिः भेरी नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक श्री सीता जैसीज्यू,<br>विशेष अतिथिः जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलज्यू,<br>अतिथिः जाजरकोट जिल्ला अदालतका श्रेस्तेदार श्री सरोजनिधी वाग्लेज्यू<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेशका उपसचिव (कानून) श्री उत्तम गौतमज्यू<br>जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी नायव उपरीक्षक बसन्तकुमार शर्माज्यू<br>जाजरकोट जिल्ला अदालत बार ईकाइका अध्यक्ष भीमबहादुर सिंहज्यू<br>कार्यक्रममा उपस्थिति जनप्रतिनिधिज्यूहरु, सरोकारवाला कार्यालयका प्रमुख/प्रतिनिधिज्यूहरु, कानून व्यवसायीज्यूहरु र पत्रकारज्यूहरु।<br>सहभागीहरु बीच परिचय |
| ११:३०-१२:०० | कार्यपत्र प्रस्तुती<br>अपराधको प्रवृत्ति र विश्लेषण, प्रहरी नायव उपरीक्षक बसन्तकुमार शर्मा, जिल्ला प्रहरी कार्यालय, जाजरकोट |
| १२:००-१२:३० | सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट |

| | |
|---|---|
| १२:३०-१:०० | कानूनी सहायता सम्बन्धी कानूनी व्यवस्था, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट |
| १:००-१:३० | लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहिता र घरेलु हिंसा कानूनमा भएको व्यवस्थाहरु, जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल, जिल्ला सरकारी वकील कार्यालय जाजरकोट |
| १:३०-२:३० | खुला छलफल/जिज्ञाशाको सम्बोधन |
| २:३०-३:०० | मन्तब्य<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कर्णाली प्रदेशका उपसचिव (कानून) श्री उत्तम गौतमज्यू<br>जिल्ला प्रशासन कार्यालय जाजरकोटका प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेलज्यू,<br>भेरी नगरपालिकाका उपप्रमुख एवं न्यायिक समितिका संयोजक श्री सीता जैसीज्यू,<br>प्रमुख अतिथिः जाजरकोट जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री दुर्गाप्रसाद खनालज्यू,<br>कार्यक्रम समापनः जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल |

**ख) कार्यक्रमका सहभागीहरूको नामावली**

**"समुदायमा सरकारी वकील कार्यक्रम"**

**स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरु सहित सरोकारवालाहरुसँग कानूनी सचेतना अन्तरक्रिया कार्यक्रम**

**मितिः** २०८२।१२।१०

**कार्यक्रम स्थानः** जिल्ला सरकारी वकील कार्यालय जाजरकोटको सभाहल

**आयोजकः** जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

| क्र.सं. | नाम | पद/कार्यालय | टेलिफोन नं/ईमेल |
|---|---|---|---|
| १ | नगेन्द्र लम्साल | जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८४१४४०७८१ nagendralamsal@gmail.com |
| २ | दुर्गाप्रसाद खनाल | माननीय जिल्ला न्यायाधीश, जाजरकोट जिल्ला अदालत | ९८४१५८५९११ |
| ३ | सीता जैसी | उप प्रमुख एवं न्यायिक समितिका संयोजक, भेरी नगरपालिका | ९८६८०१९५६७ |
| ४ | बसन्तकुमार शर्मा | प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट | ९८५८०४५५५५ |
| ५ | सरोजनिधि वाग्ले | श्रेस्तेदार, जाजरकोट जिल्ला अदालत | ९८४८०४९९३३ |
| ६ | भीमबहादुर सिंह | अध्यक्ष, जाजरकोट जिल्ला अदालत बार इकाई | ९८५८०२५६१३ |
| ७ | शारदा शर्मा | महिला विकास निरीक्षक, भेरी नगरपालिका | ९८६७८६९९२२ |
| ८ | इन्द्रबहादुर के.सी. | समाजसेवी, बाल मनोविज्ञ | ९८४८०८४१०४ |
| ९ | लिलादेवि गौतम | कार्यपालिका सदस्य, भेरी नगरपालिका | ९८१८३७९७७१ |
| १० | प्रकाशकुमार शाही | कानून अधिकृत, भेरी नगरपालिका | ९८४८०३१२०५ |
| ११ | गोपाल लोहार | न्यायिक समिति सदस्य, भेरी नगरपालिका | ९८६४८२९०३७ |
| १२ | लिलाबहादुर शाह | वडा अध्यक्ष, वडा नम्बर ३, | ९८४४८८४२४५ |

| | | | |
|---|---|---|---|
| | | भेरी नगरपालिका | |
| १३ | लिला पौडेल | स्टेशन म्यानेजर, रेडियो हाम्रो पाइला | ९८४८०३६५२१ |
| १४ | नारायणी शाह | सि.अ.न.मी. निरीक्षक, ओसिएमसी, स्वास्थ्य सेवा कार्यालय, जाजरकोट | ९८६८०५५१४६ |
| १५ | चन्द्रबहादुर गिरी | कारागार प्रशासक, कारागार कार्यालय जाजरकोट | ९८५८०७६७७७ |
| १६ | दशरथ लामिछाने | निमित्त सामाजिक विकास अधिकृत, सामाजिक विकास कार्यालय, जाजरकोट | ९८५८०५२६०० |
| १७ | सरस्वती शर्मा | व्यवस्थापक, महिला अधिकार मञ्च, जाजरकोट | ९८६६८१३८२८ |
| १८ | सिर्जना घर्ती | कार्यपालिका सदस्य, भेरी नगरपालिका | ९८६८९१४०९३ |
| १९ | सपना खत्री | प्राविधिक, रेडियो जाजरकोट | ९७६४३०८०४३ |
| २० | उत्तम गौतम | उपसचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | ९८४१४९४३९४ |
| २१ | राजुप्रसाद पौडेल | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, जाजरकोट | ९८५८०४७७७७ |
| २२ | निमबहादुर शाही | अधिवक्ता, जाजरकोट जिल्ला अदालत बार इकाई | ९८४८०३६३४४ |
| २३ | लोकेन्द्रबहादुर शाही | अनुसन्धान सहायक, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, जाजरकोट | ९८४०१४९९७१ |
| २४ | सहदेवजंग शाह | जिल्ला कानूनी सहायता अधिकारी, जिल्ला कानूनी सहायता समिति, जाजरकोट | ९८४९६५६१८३ |
| २५ | खडकबहादुर वली | सशस्त्र प्रहरी जवान, सशस्त्र प्रहरी वल | ९७४८४१८५९५ |
| २६ | डिल्लीराज ज्ञवाली | सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील | ९८४८०२७४५९ |

| | | | |
|---|---|---|---|
| | | कार्यालय, जाजरकोट | |
| २७ | गोविन्द वि.क. | नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८६४९८६५५० |
| २८ | गणेशबहादुर घर्ति | नायव सुब्बा, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८४०१६१०५९ |
| २९ | सुमन भण्डारी | सहायक कम्प्युटर अपरेटर, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९७४३७९०३३५ |
| ३० | निरु खड्का | कार्यालय सहयोगी, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९७४९२६१७३२ |
| ३१ | मानबहादुर वली | कार्यालय सहयोगी, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८४८००५८१३ |
| ३२ | उमेश चन्द | हलुका सवारी चालक, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९८६८१२९८४७ |
| ३३ | दिपक वली | कार्यालय सहयोगी, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट | ९७६२४६३२२१ |

## ग) कार्यक्रमको तस्विर




समुदायमा सरकारी वकील कार्यक्रमका सहभागीहरु ।



कार्यक्रममा कार्यपत्र प्रस्तुतु गर्दै जिल्ला सरकारी वकील कार्यालय जाजरकोटका जिल्ला न्यायाधिवक्ता नगेन्द्र लम्साल।


**घ) कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरू**

**पहिलो कार्यपत्र**

**अपराधको प्रवृत्ति र विश्लेषण**

प्र.ना.उ. बसन्त कुमार शर्मा
जिल्ला प्रहरी कार्यालय, जाजरकोट
२०८२।१२।१०

**परिचय**




- अपराध भनेको कानून विपरीत कार्य हो ।
- समाजमा नकारात्मक प्रभाव पार्छ ।
- विकासमा बाधा पुऱ्याउँछ ।

**नेपालमा अपराधको वर्तमान अवस्था**

- अपराधका घटना बढ्दो क्रममा
- शहरी क्षेत्रमा बढी देखिन्छ
- नयाँ प्रकारका अपराधहरू देखा परेका
- अपराधको स्वरूप परिवर्तन हुँदै, विशेष गरी शहरमा बढी देखिन्छ।

**जाजरकोट जिल्लाको अपराधको त्रिवर्षिय अवस्था**


| सि.न. | आ.ब. | मुद्दा दर्ता संख्या | कै. |
|---|---|---|---|
| १ | ०८०/०८१ | १४४ | |
| २ | ०८१/०८२ | १३५ | |

| | | | |
|---|---|---|---|
| ३ | चालु आ.ब. ०८२/०८३ | १०४ | हाल सम्म |
| | जम्मा | ३८३ | |


**जाजरकोट जिल्लामा आ.व. २०८२/०८३ सालमा अपराधमा संलग्न व्यक्तिको उमेर अवस्था**

| सि.न. | १६ मुनि | १६-२५ | २६-३५ | ३६-४५ | ४६-६० | ६० माथी |
|---|---|---|---|---|---|---|
| १ | ८ | ४५ | ३६ | १७ | ११ | ३ |

**जाजरकोट जिल्ला अपराध शिर्षकको त्रिवर्षिय अवस्था**



आ.व. २०८२।०८३ को CPA:- जाजरकोट।



## जाजरकोट जिल्लाको महिला बालबालिक सम्वन्धि अपराधको त्रिवर्षिय अवस्था

| सि.न. | मुद्दा शिर्षक | आ.व.२०८०।०८१ | आ.व.२०८१।०८२ | चालु आ.व.२०८२।०८३ |
|---|---|---|---|---|
| | | दर्ता | दर्ता | दर्ता |
| १ | ज.ज.क. | २० | १३ | १२ |
| २ | ज.ज.क.उ. | ३ | ६ | १ |
| ३ | बाल यौन दुरव्यहार | | ४ | |
| ४ | मिलापत्र गर्न नहुने | | १ | |
| ५ | बहु-बिबाह | ३ | ३ | १ |
| ६ | कर्तव्य ज्यान | | १ | १ |
| ७ | अभद्र व्यवहार | | | १ |
| ८ | आत्महत्या | ३० | १९ | १४ |
| जम्मा: | | ५६ | ४७ | ३० |

### जाजरकोट जिल्लाको घरेलु हिंसाको त्रिबर्षिय अवस्था

| सि.न. | आ.व. | दर्ता | फच्यौंट | बाँकी | सम्वन्धित निकायमा पठाएको |
|---|---|---|---|---|---|
| १ | २०८०।०८१ | ३७ | ३१ | | ६ |
| २ | २०८१।०८२ | ७६ | ५९ | | १७ |
| ३ | २०८२।०८३ | ५२ | ३८ | २ | १२ |
| जम्मा | | १६५ | १२८ | २ | ३५ |

### जाजरकोट जिल्लाको आर्थिक अपराधको अवस्था

| | आ.व.२०८०।०८१ | आ.व.२०८१।०८२ | आ.व.२०८२।०८३ |
|---|---|---|---|
| बैंकिङ सम्वन्धि कसूर | २६ | १५ | १३ |
| लिखत सम्वन्धि (किर्ते) | | १ | |
| डाँका/चोरी | १ | ३ | १ |
| मुद्रा सम्बन्धि कसुर | १ | | |
| ठगी | | | २ |
| जम्मा | २८ | १९ | १६ |

### जाजरकोट Online ठगीको अवस्था

| निवेदन संख्या | निवेदनको आधारमा ठगी भएको जम्मा रकम | मिलापत्र भएको निवेदन संख्या | फिर्ता गराइएको जम्मा रकम | मुद्दा दर्ता संख्या |
|---|---|---|---|---|
| २३ | २१,२६,८७८/- | ० | १,७७,६५६/- | ० |

| Cyber Crime/Facebok /TikTok Hack निवेदन संख्या | मुद्दा दर्ता संख्या | मिलापत्र भएको निवेदन संख्या | I D Black/Recover | काम बाँकी |
|---|---|---|---|---|
| ९ | १ | ० | ४ | ४ |

**जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटमा रहेका मुद्दाको विवरण (२०८२ फागुन सम्म)।**

| मुद्दाको विवरण | अदालत / कार्यालय | गत बर्षको बाँकी मुद्दा | यस बर्षको मुद्दा | जम्मा | फैसला भएका मुद्दा | बाँकी मुद्दा |
|---|---|---|---|---|---|---|
| अनुसूचि- १ तर्फ रहेका मुद्दाहरु | अदालत तर्फ | ११ | ५५ | ६६ | ११ | ५५ |
| | जि. प्रशासन तर्फ | ४ | १२ | १६ | १४ | २ |
| अनुसूची-२ तर्फ रहेका मुद्दाहरु | अदालत | ० | १ | १ | ० | १ |
| | डिभिजन वन तर्फ | २ | ० | २ | ० | २ |
| प्रतिरक्षा गरिएका मुद्दा | अदालत | २ | ० | २ | ० | २ |
| कुल जम्मा | | १९ | ६८ | ८७ | २५ | ६२ |

**जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटमा रहेका मुद्दाको विवरण (२०८२ फागुन सम्म) ।**

- अनुसन्धानको क्रममा रहेका मुद्दाहरुमा सरकारी वकीलले दिईएको निर्देशन संख्या ७ ।
- मुद्दा चलाउने निर्णय ६२ वटा ।
- मुद्दा नचलाउने निर्णय संख्या ४ वटा ।
- आंशिक मुद्दा नचलाउने/चलाउने निर्णय संख्या १।
- सजाय छुट मागदावी लिईएको मुद्दा संख्या १ सोही मागदावी बमोजिम फैसला भएको।
- अन्तरिम क्षतिपूर्ति १ जवरजस्ती करणी मुद्दामा मागदावी लिईएकोमा सो मुद्दामा पीडितलाई तत्काल रु. ५०,०००।—(पचास हजार रुपैयाँ) दिने आदेश भएको ।

**प्रमुख अपराधका प्रकारहरू**

- चोरी तथा डकैती
- हत्या
- बलात्कार

- घरेलु हिंसा
- साइबर अपराध
- लागूऔषध सम्बन्धी अपराध

**अपराधका कारणहरू**

- युवाहरूको संलग्नता बढ्दै ।
- प्रविधिको प्रयोगले साइबर अपराध वृद्धी
- संगठित अपराधको विस्तार

**अपराधको प्रवृत्ति**

- बेरोजगारी
- गरिबी
- अशिक्षा
- पारिवारिक समस्या
- लागू औषध दुर्व्यसन।
- अपराधका धेरै कारणहरू मध्ये आर्थिक र सामाजिक समस्या प्रमुख हो।

**अपराधमा संलग्न समूह**

- युवावर्ग (चालु आ.व. मा १२० जना मध्ये ९७ जना युवाको संलग्नता रहेको)
- गिरोहहरू
- साइबर अपराधी
- संगठित समूहहरू

**अपराधको प्रभाव**

- समाजमा डर र असुरक्षा
- आर्थिक क्षति
- मानसिक समस्या
- विकासमा अवरोध

**सरकारको भूमिका**

- कानुन निर्माण ।
- सुरक्षा व्यवस्था ।
- अनुसन्धान र कारबाही ।
- पुनर्स्थापना कार्यक्रम ।

**नियन्त्रणका उपायहरू**

- कडा कानुन कार्यान्वयन ।
- जनचेतना वृद्धि । (जनचेतना सम्वन्धी २९० कार्यक्रम लाभान्धित संख्या ७२४१)
- रोजगारी सिर्जना ।
- शिक्षा सुधार ।
- प्रहरी सुदृढीकरण ।
- सरकार र नागरिक दुवैको भूमिका ।

**अपराधको विश्लेषण**

- जिल्ला प्रहरी कार्यालय जाजरकोटमा मात्र मुद्दा चल्ने गरेको ।
- करणी सम्बन्धी मुद्धा धेरै चल्ने गरेको ।
- अनलाईन ठगी, साईबर अपराधका घटना पनि बढ्दो क्रममा रहेको ।
- आर्थिक अपराधका घटनामा बृद्दि भएको ।
- आत्महत्या अपराधका घटनाहरुमा बृद्दि भएको ।
- शिक्षाको कमीले गर्दा अपराधमा बृद्दि देखिएको ।
- गरीबिका कारण अपराधमा बृद्दि देखिएको ।
- वीस वर्ष भन्दा कम उमेर समुहका व्यक्तिहरु सामाजिक अपराधमा संलग्न हुने गरेको।

**हाम्रो प्रयास ...**

- CPA (crime pattern analysis), Hotspot, (weeks, days, months,time)हरु बाट पनि विश्लेषण गरेर अपराध न्युनिकरण गर्ने प्रयास भएको ।
- महिला हिंसासम्बन्धी घटनाहरूमा शुन्य सहनशीलता
- गहन तथा वस्तुनिष्ठ अनुसन्धान
- पीडितको उद्दार, उपचार तथा परामर्श पुनर्स्थापना
- पीडितलाई क्षतिपूर्ति
- पीडकलाई सजायँ
- छलफल तथा मिलापत्र
- अदालती प्रक्रियाबारे जानकारी दिने गरेको

**समस्या तथा चुनौतिहरु**

- अपराध र त्यसबाट हुने क्षतीको बारेमा जनचेतनाको कमीले गर्दा सामान्य किसिमले पनि अपराधिक गतिविधिले निरन्तरता पाईराखु ।

- अपराध रोकथाम तथा नियन्त्रणको लागि प्रहरीको मात्र काम कर्तव्य हो भन्ने सोच राखी सर्वसाधारण तथा अन्य निकायले चासो नदिनु ।
- पीडितको मानसिक अवस्थालाई विचार गरी मनोसामाजिक विमर्शका लागि आवश्यक मनोविमर्शकर्ता सबै स्थानमा उपलब्ध नहुनु ।
- लैङ्गिक संवेदनशिल कार्य र सेवा उपलव्धतामा कमी ।
- साधनश्रोतमा कमी ।
- सेवा प्रदायकमा पुर्वग्राही वा पुर्वमुल्यांकन ।
- लैङ्गिक मैत्री वातावरणको कमी ।
- आर्थिक लोभलालचमा पर्ने र तत्कालको फाइदा हेर्ने प्रवृत्ति ।

**भावी कार्यदिशा**

- समुदाय लक्षित कार्यक्रम,
- विद्यालय कार्यक्रम,
- क्षमता अभिबृद्धि कार्यक्रम,
- निरन्तर अनुगमन तथा कार्यक्रम,
- उत्प्रेरणा केन्द्रित कार्यक्रम,
- समन्वय र सहकार्य ।

**दोस्रो कार्यपत्र**

## सरकारी वकीलको परिचय, सरकारवादी मुद्दाहरू र समुदायबाट गरिएको अपेक्षा

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८२ चैत १० गते

**सरकारी वकीलको परिचयः**

**सरकारी वकील को हुन् :**

- फौजदारी न्याय प्रशासनका तीन प्रमुख कार्य अनुसन्धान, अभियोजन र न्यायिक निर्णय मध्ये महान्यायाधिवक्ताको कार्यालय र यस अन्तर्गतका सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलहरूलाई राज्यको तर्फबाट अभियोजनकर्ताको जिम्मेवारी दिइएको छ ।
- राज्यको कानूनको रक्षक र सरकारको कानूनी सल्लाहकार सरकारी वकील हो ।
- सरकारवादी मुद्दाहरूमा र सरकारलाई विपक्षी बनाई दायर भएका रिट/मुद्दाहरूमा राज्यको तर्फबाट अदालत/न्यायिक निकायमा प्रतिनिधित्व गर्दै वहस पैरवी र प्रतिरक्षा गर्ने र सरकावादी मुद्दाहरूको अभियोजन गर्ने कानूनी अधिकार प्राप्त व्यक्तिलाई सरकारी वकील भनिन्छ ।
- सरकारी वकील कानूनको ज्ञाता र विशेषज्ञ हुन्छन् ।
- मानव अधिकारको रक्षक ।
- फौजदारी न्याय प्रशासनको सुधारको संवाहक र समन्वयकर्ता ।
- कानूनको शासनको संरक्षक तथा प्रचलनकर्ता ।
- निशुल्क पीडित पक्षको प्रतिनिधित्व गर्छन् ।
- पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन न्यायका लागि वोल्ने सहजकर्ता र पीडितलाई अदालतबाट अन्तिम फैसला भएपछि क्षतिपूर्ति दिलाउन समन्वय गर्ने भएकाले सरकारी वकील जनताका वकील हुन् ।

**सरकारी वकीलका कामहरूः**

सरकारी वकीलको काम सरकार वादी हुने देवानी मुद्दा र सरकारवादी हुने फौजदारी मुद्दासँग मात्र सम्वन्धित हुन्छ । उक्त मुद्दाहरुमा सरकारी वकीलले निम्न कार्यहरू गर्छः

- नेपालको संविधानले संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तामा निहित राखेको छ । धारा १५८ (२)

- महान्यायाधिवक्ताबाट अभियोजन सम्बन्धी आफूमा निहित अधिकार मातहत सरकारी वकीललाई तोकिएको शर्तको अधिनमा रही प्रयोग र पालना गर्न सक्ने गरी प्रत्यायोजन गरिएको हुन्छ ।
- नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकीलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिनेछ भनी उल्लेख छ । धारा १५८ (२)
- नेपालको संविधानमा भएको व्यवस्था, महान्यायाधिवक्ताबाट प्रत्यायोजित अधिकार र अन्य कानूनहरूमा भएको व्यवस्था अनुसार सरकारी वकीलले सरकारवादी मुद्दाको साथै सरकारलाई सरोकार पर्ने मुद्दा र सरकारलाई विपक्षी बनाई दायर भएका मुद्दा मामिला र रिट क्षेत्रमा समेत अभियोजन, वहस पैरवी, प्रतिरक्षा गर्ने र सरकारी निकायहरूलाई कानूनी राय प्रदान गर्ने र हिरासतमा रहेका व्यक्तीलाई मानवोचित व्यवहार नगरेको, आफन्त वा कानून व्यवसायीलाई भेटघाट गर्न नदिएको भन्ने जानकारी वा उजुरी परेमा हिरासत अनुगमन गर्ने र छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई निर्देशन दिने काम सरकारी वकीलले गर्छन् ।
- कसूरको प्रभावकारी अनुसन्धानका आधारमा दोषी देखिएका व्यक्ति उपर नेपाल सरकारको तर्फबाट अभियोजन गर्ने र पीडितलाई न्याय उपलब्ध गराउन पिडितको तर्फबाट बहस पैरवी/प्रतिरक्षा गर्ने काम सरकारी वकीलबाट हुन्छ ।
- कसूरको अनुसन्धान गर्ने अधिकारीहरू (प्रहरी अधिकृत, वन कर्मचारी, राष्ट्रिय निकुञ्जका कर्मचारी, औषधी निरिक्षक, खाद्य निरिक्षक, प्रमुख जिल्ला अधिकारी वा अधिकृत आदि) लाई कसूरको अनुसन्धान गर्दा निर्देशनदिने ।
- कसूरको अनुसन्धान गरे पछि प्रमाणको आधारमा को उपर मुद्दा चल्ने, को उपर मुद्दा नचल्ने, मुद्दा चल्ने भए कुन कसूरमा कुन सजायको मागदावी लिएर मुद्दा चलाउने भन्ने कुराको निर्णय गर्ने ।
- कानून बमोजिम सजाय छुट दिन सकिने मुद्दाहरुमा सजाय छुटको मागदावी लिई निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने।
- कानूनको विवादमा परेका बालबालिकासँग सम्बन्धित दिशान्तर गर्न मिल्ने मुद्दामा दिशान्तर निर्णय गर्ने ।
- मुद्दा चलाउने निर्णय भएमा अभियोग पत्र तयार गरी अदालत/न्यायिक निकायमा प्रमाण सहित मुद्दा पेश गर्ने ।
- मुद्दामा सरकारको तर्फबाट बहस पैरवी गर्ने, साक्षीहरुको वकपत्र गराउने, जिरह गर्ने, पछि प्राप्त भएका प्रमाणहरु अदालतमा पेश गर्ने ।
- अदालत/न्यायिक निकायले गरेको फैसला वा आदेशमा चित्त नबुझेमा माथिल्लो अदालतमा पुनरावेदन गर्ने वा निवेदन दिने ।

- नेपाल सरकारका कार्यालयहरुले माग गरेको कानूनी प्रश्नमाकानूनी राय प्रदान गर्ने ।
- नेपाल सरकारको हक हित सरोकार रहेको मुद्दामा बहस पैरवी प्रतिरक्षा गर्ने तथा साक्षीको वकपत्र गराउने ।
- सरकारी निकाय वा पदाधिकारी विरुद्धका मुद्दामा सरकारी निकाय वा पदाधिकारीको प्रतिरक्षा गर्ने ।
- हिंसा वा अपराध पीडित, जाहेरवाला वा साक्षीका साथै हिरासत/निगरानी र कारागार/बालसुधार गृहमा रहेका व्यक्तिहरूको मानवअधिकारको संरक्षण गर्ने ।
- पीडित र जाहेरवालालाई मुद्दाको काम कारबाहीमा सहयोग गर्ने ।
- कानूनले तोकेको मिलापत्र हुन सक्ने सरकारवादी फौजदारी मुद्दामा मिलापत्रको निर्णय गरी सम्बन्धित अदालत र निकायमा पठाउने ।

**नेपालमा सरकारी वकील कार्यालयको सांगठनिक संरचनाः**

१) महान्यायाधिवक्ताको कार्यालय (१ वटा)

२) उच्च सरकारी वकील कार्यालयहरू (१८ वटा)

३) विशेष सरकारी वकील कार्यालय (१ वटा काठमाडौंमा रहेको )

४) जिल्ला सरकारी वकील कार्यालयहरू (७७ वटा)

**नेपालमा सरकारी वकीलका पदहरूः**

- **महान्यायाधिवक्ताः** प्रधानमन्त्री सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने संवैधानिक व्यवस्था नेपालको संविधानको धारा १५७ (२) मा रहेको छ । धारा १५८ (१) मा नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख भएको । धारा १५८ (२) मा यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको छ ।महान्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार सम्बन्धी विस्तृतमा नेपालको संविधानको धारा १५८ मा उल्लेख रहेको छ ।
- **नायव महान्यायाधिवक्ताः** नेपाल न्याय सेवाको राजपत्रांकित विशिष्ट श्रेणी (सचिव स्तर) को सरकारी वकील ।
- **सहन्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित प्रथम श्रेणी (सहसचिव स्तर) को सरकारी वकील ।
- **उपन्यायाधिवक्ता/जिल्ला न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित द्वितिय श्रेणी (उप सचिव) स्तरको सरकारी वकील ।
- **सहायक जिल्ला न्यायाधिवक्ता/सहायक न्यायाधिवक्ताः** नेपाल न्याय सेवा, सरकारी वकील समूहको राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सरहको सरकारी वकील ।

**सरकारवादी मुद्दाहरूः**

**(क) देवानी मुद्दाहरुः–**सरकारी र सार्वजनिक सम्पत्ति सम्वन्धी मुद्दाहरु र नेपाल सरकारको हक हित सरोकार सम्वन्धी देवानी मुद्दाहरु सरकारवादी हुन्छ ।

**(ख) फौजदारी मुद्दाः–** दुनियावादी फौजदारी हुने केही अपवादलाई छाडेर प्राय सबैजसो मुद्दाहरु सरकारवादी हुन्छन् । यसलाई यसरी वर्गिकरण गर्न सकिन्छ ।

**जीउ ज्यान सम्बन्धित कसूरः–** ज्यान सम्बन्धि कसूर, ज्यान मार्ने उद्योग, अंगभंग, तेजाब खनाई कुरुप पारेको, गर्भपतन, गैरकानूनी थुना, ब्यक्ति वेपत्ता पार्ने, अपहरण तथा शरिरबन्धक, इलाज (उपचार) सम्वन्धी कसूर, मानव बेचबिखन सम्बन्धी कसूर ।

**राष्ट्र र समाज विरुद्धका कसूरः–** राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति भंग गर्ने कसूर, अपराधका प्रमाणहरु नष्ट गर्ने, प्रमाण संकलनमा बाधा पुर्याउने कसूर, सार्वजनिक स्वास्थ्य, सुरक्षा, सुविधा,नैतिकता विरुद्धका कसूरहरु, हातहतियार र विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय वा सार्वजनिक सम्पत्तिबिरुद्धकोकसूर, धर्म सम्बन्धी कसूर, लागूऔषध, वन सम्वन्धी कसूर, नक्कली नोट, नक्कली टिकट सम्बन्धी कसूर, भ्रष्टाचार सम्बन्धी कसूर ।

**समाजका कमजोर वर्ग उपर भेदभाव सम्बन्धी कसूरः–** गम्भीर घरेलु हिंसा, बोक्सीको आरोप, छुवाछुत सम्वन्धी कसूर ।

**यौनजन्य कसूरः–** वालविवाह, बहुविवाह, जबरजस्ती करणी/उद्योग, बाल यौन दुरुपयोग ।

**सम्पत्ति सम्वन्धी कसुरः–**चोरी, डाँका, ठगी, आपराधिक विश्वासघात,सार्वजनिक लिखत किर्ते सम्बन्धी, नाप तौल सम्बन्धी कसूर, आपराधिक उपद्रव सम्बन्धी कसूर ।

**सरकारवादी फौजदारी मुद्दाको कारबाही प्रकृयामा सरकारी वकीलको प्रतिनिधित्वः**

- अनुसन्धानमा अनुसन्धान अधिकारीलाई निर्देशन दिने।
- अनुसन्धान सम्बन्धमा अनुसन्धान अधिकारीले राय, सल्लाह माग गरेमा सरकारी वकीलले आफ्नो राय वा सल्लाह दिने ।
- प्रतिवादी/कानूनको विवादमा परेका बालबालिकाको बयान/सोधपुछ अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष गराउने ।
- बयान/सोधपुछमा कसूरको सम्बन्धमा खुलाउनु पर्ने आवश्यक कुरा सोध्ने अधिकार सरकारी वकीललाई हुने ।
- सरकारी वकीलले दिशान्तर गर्न मिल्ने मुद्दामा कानूनको विवादमा परेका बालबालिका उपर दिशान्तर सम्बन्धी निर्णय गर्ने ।
- अभियोजन (मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोग पत्र दायर गर्ने)
- कानूनले तोकेको मिलापत्र हुने सरकारवादी फौजदारी मुद्दामा मिलापत्र सम्बन्धी निर्णय गर्ने ।

- अदालती/न्यायिक कारबाहीमा प्रतिनिधित्व (साक्षी वकपत्र, वहस पैरवी र प्रतिरक्षा, निवेदन, पुनरावेदन, मुद्दा दोहोर्याई हेरी पाउने निवेदन सम्बन्धि काम)

**सरकारवादी फौजदारी मुद्दामा सरोकारवाला निकायहरूः**

- प्रहरी र अन्य अनुसन्धान गर्ने निकायका अनुसन्धान अधिकारी र कर्मचारीहरू
- सरकारी वकील
- निजी कानून व्यवसायी (नेपाल बार)
- अदालत/अर्धन्यायिक निकाय
- फरेन्सिक विज्ञ/चिकित्सक, समुदाय/नागरिक समाज (विभिन्न प्रकारका अपराधको न्याय निरूपणमा सम्बन्धित विज्ञहरू)
- स्थानीय तह
- अन्य विभिन्न सरकारी निकाय/संघ संस्था (अस्पताल, पुर्नस्थापना केन्द्र आदि)

**समुदायबाट सरकारी वकीलले राखेको अपक्षाः**

- कसूरको सूचना नजिकको प्रहरी कार्यालयमा वा नजिकको सम्बन्धित अनुसन्धान गर्ने कार्यालयमा थाहा पाउने वित्तिकै छिटो उपलब्ध गराउने ।
- कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्न वा नियन्त्रण गर्न सहयोग गर्ने ।
- कसूरको अनुसन्धानको क्रममा आफूले देखेको र थाहा पाएको साँचो कुराको जानकारी अनुसन्धान अधिकारी, सरकारी वकील र अदालत/न्यायिक निकायमा बयान र वकपत्रमा जानकारी गराउने ।
- कसूरको अनुसन्धानको क्रममा तयार गरिने विभिन्न लिखतहरूमा रोहवरमा र साक्षी बस्ने र घटना विवरण कागज गर्ने ।
- अपराध पीडितलाई तत्काल उद्धार, उपचार, राहत र पुर्नस्थापना गर्न सहयोग गर्ने ।
- मुद्दाको साक्षीको रूपमा रहेका व्यक्तिले अदालत/न्यायिक निकायमा तोकिएको दिनमा समयमा आई आफूले देखेको, जानेको र थाहा पाएको कुरा जानकारी गराई वकपत्र गर्ने ।
- अदालत/न्यायिक निकायबाट भएको फैसला कार्यान्वयनमा सहयोग गर्ने ।
- अनुसन्धान, अभियोजन र न्याय निरोपणका क्रममा अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्याय निरोपण गर्ने अधिकारी र न्यायधीशलाई अनुचित रूपमा आस, त्रास, दबाव र प्रभावमा पार्ने प्रयत्न नगर्ने ।

**समुदायले थाहा जानकारी पाइराख्नुपर्ने कुराहरूः**

- कसैले पनि कानून उल्लंघन गरेर कुनै कानूनी व्यवस्थाको जानकारी थिएन वा जानेको थिइन भन्न पाउँदैन ।
- कसैलाई पनि कुनै प्रकारको भेदभाव वा छुवाछुत गर्न पाईंदैन ।

- दश वर्ष भन्दा कम उमेरका बालबालिकालाई कुनै अपराधमा सजाय हुँदैन । मुद्दा लाग्दैन ।
- बालबालिकालाई सिकाएर कुनै अपराध गर्न लगाएमा वा त्यसरी अपराध भएमा सिकाउने वा अपराध गर्न लगाउनेलाई पनि सजाय हुन्छ ।
- कसैलाई पनि कानून बमोजिम बाहेक थुनामा राख्न पाइदैन ।
- कसैलाई पनि यातना दिन पाईंदैन । पक्राउ परेका व्यक्तीलाई कुटपिट गर्न वा कुनै किसिमको यातना दिने गर्न हुँदैन ।
- अपराधको सूचना दिनु सबैको कर्तब्य हो । नजिकको प्रहरी कार्यालयमा वा सम्बन्धित अनुसन्धान गर्ने निकायमा यस्तो सूचना दिनुपर्छ ।
- अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको साँचो कुरा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारी र अदालत/अर्धन्यायिक निकायमा बयान/वकपत्रमा भन्नुपर्छ ।
- अपराध पीडितलाई उद्धार गर्न, उपचार गर्न र पुर्नस्थापना गर्न सहयोग गर्नुपर्छ ।
- साक्षीको रूपमा रहेका व्यक्तिले अपराधको बारेमा आफूलाई थाहा जानकारी भएको कुरा अदालत/अर्धन्यायिक निकायमा तोकिएको दिनमा गएर वकपत्र गरिदिनु पर्छ ।
- सुनेर जानेको वा थाहा पाएको कुरा प्रमाण होइन ।
- असमर्थ पक्षलाई कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुन्छ ।
- अपराध पीडितलाई आफू पीडित भएको मुद्दामा भएको अनुसन्धानको र अदालतमा भएको न्यायिक काम कारवाहीको जानकारी पाउने हक हुन्छ ।
- प्रत्येक अपराध पीडितलाई अभियुक्तलाई लगाइएको अभियोगको बारेमा वा अभियोग नलगाइएको अवस्थामा त्यसको आधार र कारणको बारेमा जानकारी पाउने हक हुन्छ।
- अपराध पीडितलाई कानून बमोजिम मुद्दाको कारवाही प्रक्रियामा सहभागी हुन पाउने,सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुन्छ ।
- नेपाल सरकार वादी हुने मुद्दामा अपराधको सूचना दिने व्यक्ति सरकारी गवाह (साक्षी)हुन्छ ।
- अदालत/मुद्दा हेर्ने निकायबाट दोषी ठहर नहुँदासम्म अभियुक्तलाई निर्दोष मान्नुपर्छ ।
- आफू विरुद्ध लागेको कसूरको प्रतिरक्षा गर्न कानून व्यवसायी राख्न असमर्थ अभियुक्तलाई राज्यद्वारा निशुल्क कानूनी सहायता एवं प्रतिरक्षा उपलब्ध हुन्छ । यसका लागि वैतनिक वकीलको व्यवस्था गरिएको हुन्छ ।

**धन्यवाद ।**

**तेस्रो कार्यपत्र**
**कानूनी सहायता सम्बन्धी कानूनी व्यवस्था**

नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता,
जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८२ चैत १० गते

**कानूनी सहायताको परिचयः**

- कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को दफा २ को परिभाषाको खण्ड (क) मा कानूनी सहायता भन्नाले यस ऐन बमोजिम असमर्थ व्यक्तिलाई दिइने कानूनी राय सल्लाह सम्झनु पर्छ र सो शब्दले त्यस्तो असमर्थ व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा गरिने अन्य सेवा समेतलाई जनाउनेछ । सोही दफाको खण्ड (क१) मा असमर्थ भन्नाले तोकिएको वार्षिक आय भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति सम्झनु पर्छ ।
- कानूनी सहायता सम्बन्धी नियमावली, २०५५ को नियम ६ को उपनियन (१) मा वार्षिक चालीस हजार रुपैयाँ भन्दा कम आय हुने व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ।
- व्यक्ति तथा समुदायलाई कानूनी ज्ञानका साथै उपर्युक्त कानूनी उपचार प्राप्त गर्नका लागि कानूनी परामर्शका साथै कानूनी उपचारका लागि प्रतिनिधित्व गर्न दक्ष कानून व्यवसायीको आवश्यकता पर्छ । यसका लागि कानून व्यवसायीसँग कानूनी सहायता लिनुपर्ने हुन्छ ।
- कानूनी सहायता प्राप्त गर्न नसकेका विपन्न व्यक्तिलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन आवश्यक देखेमा कानूनी लिखत तयार गर्न वा वहस पैरवी गर्न सबै तहको अदालतबाट वैतनिक कानून व्यवसायीबाट सेवा प्रदान गर्ने गरिएको छ। सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा रहने वैतनिक कानून व्यवसायीले अदालतको आदेशमा निःशुल्क कानूनी सहायता उपलब्ध गराउँछन् ।

**कानूनी सहायता सम्बन्धी संवैधानिक व्यवस्था**
**नेपालको संविधान**
**धारा २० न्याय सम्बन्धी हकः**
(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

## निःशुल्क कानूनी सहायता उपलब्ध गराउने निकाय

- केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समिति (कानूनी सहायता सम्बन्धी ऐन र नियमावली अन्तर्गत)
- जिल्ला कानूनी सहायता समिति अन्तर्गत काम गरिरहेका जिल्ला कानूनी सहायता अधिकारी (जाजरकोट जिल्लामा पनि २०७९ कात्तिक १ देखि जिल्ला कानूनी सहायता अधिकारी कार्यरत रहेको।)
- सर्वोच्च अदालत नियमावली, उच्च अदालत नियमावली र जिल्ला अदालत नियमावलीमा व्यवस्था भए बमोजिम सर्वोच्च अदालत, उच्च अदालत र मातहतका इजलास र जिल्ला अदालतमा वैतनिक कानून व्यवसायी कार्यरत रहेको ।
- सर्वोच्च अदालतको न्यायमा पहुँच आयोगको वेभसाइटमा भएको जानकारी अनुसार सर्वोच्च अदालतमा २ जना, उच्च अदालत ७ वटा र त्यस अन्तर्गतका १० वटा इजलासमा प्रत्येकमा १ जना वैतनिक वकील र ७७ वटै जिल्लामा रहेका प्रत्येक जिल्ला अदालतमा १ जना वैतनिक वकील कार्यरत रहेको उल्लेख छ।(२०८२ चैत ९ गते हेरिएको)
- नेपाल बार एशोसिएशन अन्तर्गतका विभिन्न तहका अदालतमा क्रियाशील बार एशोसिएशनहरुमा आवद्ध कानून व्यवसायीहरुले स्वेच्छिक कानूनी सहायता (प्रोबोनो सेवा) उपलब्ध गराउने गरेको ।

## निःशुल्क कानूनी सहायता प्राप्त गर्ने व्यक्तिहरु

- कानूनी सहायता सम्बन्धी ऐन २०५४ र नियमावली २०५५ बमोजिम वार्षिक ४० हजार भन्दा कम आय भएको व्यक्ति वा लैङ्गिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्ति ।
- बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २५ को पीडित बालबालिकाको अधिकार अन्तर्गत खण्ड (ङ) मा निःशुल्क कानूनी सहायता पाउने व्यवस्था रहेको ।
- कानूनको विवादमा परेका बालबालिकालाई बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २६ को सुनुवाईको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारमा खण्ड (ख)

मा आफू विरुद्ध लागेको आरोपको प्रतिरक्षाको लागि तत्काल निःशुल्क कानूनी सहायता र अन्य आवश्यक सहयोग प्राप्त गर्ने कानूनी व्यवस्था रहेको छ।

- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा १२ख. मा निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेः नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउनेछ ।
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १०. मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्वः उपदफा (२क) ज्येष्ठ नागरिकलाई प्रचलित कानूनको अधिनमा रही जिल्ला कानूनी सहायता समिति मार्फत कानूनी सहायता उपलब्ध गराइनेछ।
- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १०. मुद्दा मामिलामा प्राथमिकता र प्रतिनिधित्वः उपदफा (३) मा कुनै ज्येष्ठ नागरिकले आफ्नो आर्थिक अवस्था कमजोर भएकोले मुद्दाको प्रतिरक्षा गर्न कानून व्यवसायी नियुक्त गर्न नसक्ने भनी अदालत समक्ष निवेदन दिएमा सम्बन्धित अदालतले निजको लागि वैतनिक कानून व्यवसायीको सेवा उपलब्ध गराइदिनु पर्नेछ ।
- अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा १५. सेवा, सुविधा तथा न्यायमा पहुँचको अधिकारः उपदफा (२) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायताको अधिकार हुनेछ।
- अदालतको आदेशमा अदालतमा रहेका वैतनिक कानून व्यवसायीबाट कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने गरेको।

**कानूनी सहायता प्राप्त गर्न गर्नुपर्ने कार्य**

**कानूनी सहायता सम्बन्धी ऐन २०५४ र नियमावली २०५५ बमोजिम**

- कानूनी सहायता प्राप्त गर्न चाहने नेपाली नागरिकले कानूनी सहायता प्राप्त गर्न खोजेको विषयवस्तुको संक्षिप्त विवरण सहित कानूनी सहायता सम्बन्धी नियमावलीको अनुसूची १ को ढाँचामा जिल्ला कानूनी सहायता समितिमा दरखास्त दिनु पर्नेछ । नियम ३(१) ।
- दरखास्त साथ गाउँपालिकाको हकमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा सदस्य वा सचिवले र नगरपालिकाको हकमा सम्बन्धित वडाको अध्यक्षले नियमावलीको अनुसूची २ को ढाँचामा गरिदिएको सिफारिस समेत संलग्न गर्नुपर्ने । नियम ३(२) ।
- कानूनी सहायता प्राप्त गर्न चाहने व्यक्ति स्वयं दरखास्त फाराम भर्न नजान्ने वा समितिको कार्यालयमा आई दरखास्त फाराम भर्न नसक्ने अवस्थामा रहेछ भने निजले पत्याएको अन्य व्यक्तिले समितिमा दरखास्त दिन सक्ने। नियम ३(३)

- अन्य व्यक्ति मार्फत दरखास्त दिन ल्याएमा समितिको कर्मचारीको दरखास्त फाराम बमोजिम बुझ्नु पर्ने सबै कुरा बुझी उपनियम (२) बमोजिमको सिफारिस समेत संलग्न गराई दरखास्त दर्ता गरिदिनु पर्ने । नियम ३(४)
- समितिमा दरखास्त दर्ता गराउन ल्याउँदा दरखास्तमा उल्लिखित व्यहोरा प्रमाणित हुने कुनै कागजात भए त्यस्तो कागजात समेत दरखास्तवालाबाट पेश गर्न लगाउनुपर्ने । नियम ३(५)
- दर्ता हुन आएको दरखास्त र सो साथ संलग्न कागजात सदस्य सचिवले जाँचबुझ गरी समितिको वैठकमा पेश गर्नुपर्ने। नियम ४
- समितिको वैठकमा पेश हुन आएको दरखास्तको सम्बन्धमा समितिले दरखास्तवालालाई ऐन, यस नियमावली र केन्द्रीय समितिले समय समयमा निर्धारण गरेको नीति निर्देशनको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउने वा नगराउने निर्णय गर्ने । नियम ५(१)
- समितिले निर्णय गर्दा दरखास्तवालको मुद्दाको प्रकृति, मुद्दा दायर गर्नु पर्ने हदम्याद वा प्रतिउत्तर दिनु पर्ने म्याद तारिख समेतलाई विचार गरी दरखास्त परेको मितिले बढीमा पैंतालीस दिन भित्र निर्णय गर्नुपर्ने । नियम ५(२)
- समितिबाट भएको निर्णयको जानकारी सम्बन्धित दरखास्तवालालाई उपलब्ध गराउने। नियम ५(३)
- सम्बन्धित समितिले कानूनी सहायता उपलब्ध गराउने विषयमा निर्णय गर्दा अरुलाई अनावश्यक रुपमा दुःख दिने र आधारहीन मुद्दा गर्ने प्रवृत्तिलाई प्रोत्साहन नहोस् भन्ने तर्फ समेत विचार गर्नुपर्ने ।दफा ३(३)

**कानूनी सहायता सम्बन्धी ऐनका व्यवस्थाहरु**

**दफा ४ कानूनी सहायता बापतको खर्च सोधभर्ना गर्नुपर्ने:** (१) कुनै व्यक्तिले कानूनी सहायता प्राप्त गरेको कारणबाट कुनै सम्पत्ति वा आर्थिक लाभ प्राप्त गरेमा त्यस्तो व्यक्तिले कानूनी सहायता प्राप्त गरे बापत तोकिए बमोजिम सम्बन्धित समितिले गरेको खर्च समितिलाई सोधभर्ना गर्नु पर्नेछ ।

तर त्यस्तो व्यक्तिबाट कानूनी सहायता बापतको खर्च सोधभर्ना लिँदा सो व्यक्तिलाई मर्का पर्ने देखिएमा सम्बन्धित समितिले त्यसरी आफूले गरेको खर्च आंशिक वा पूर्ण रुपमा नलिने गरी छुट दिन सक्नेछ ।

(२) अदालतले आफ्नो फैसलामा सम्बन्धित समितिले कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउँदा गरेको खर्च त्यस्तो कानूनी सहायता प्राप्त गर्ने व्यक्तिबाट असुल उपर गरी लिन पाउने गरी आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्रचलित कानून बमोजिम कार्यान्वयन गरिनेछ ।

**केन्द्रीय कानूनी सहायता समितिको गठन दफा ६(१)**

- कानून तथा न्याय मन्त्री, अध्यक्ष
- अध्यक्ष, नेपाल कानून व्यवसायी परिषद्, सदस्य
- सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सदस्य
- सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, सदस्य
- अध्यक्ष, नेपाल बार एशोसिएशन, सदस्य
- केन्द्रीय समितिबाट मनोनीत कानूनविद् एक जना, सदस्य
- नेपाल बार एशोसिएशनको सचिव, सदस्य सचिव

**केन्द्रीय कानूनी सहायता समितिको काम, कर्तव्य र अधिकार दफा ६(३)**

- कानूनी सहायता सम्बन्धी नीति एवं कार्यक्रम निर्धारण गर्ने ।
- जिल्ला समितिहरुको काम कारबाहीहरुको रेखदेख र नियन्त्रण गर्ने तथा त्यस्ता समितिहरुलाई आवश्यकता अनुसार निर्देशन दिने ।
- कानूनी सहायता सम्बन्धी कार्यको लागि जिल्ला समितिलाई अनुदान दिने ।
- कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यक रकमको व्यवस्था गर्ने ।
- सर्वोच्च अदालतमा असमर्थ व्यक्तिको तर्फबाट कानूनी सहायता प्रदान गर्न कानून व्यवसायीहरुको सूची तयार गर्ने ।
- जनसाधारणलाई कानून र कानूनी सहायता सम्बन्धमा जानकारी गराउन विभिन्न विषयका परिचयात्मक पुस्तक, पुस्तिका, विवरण आदिको प्रकाशन तथा वितरण गर्ने र सो कामको लागि अनुसन्धान गर्ने, गराउने ।
- कानूनी सहायता सम्बन्धी कामको लागि आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्ने तथा त्यस्ता उपसमितिहरुको काम, कर्तव्य र अधिकार तोक्ने ।
- केन्द्रीय समितिलाई आवश्यकता पर्ने कर्मचारी नियुक्ति गर्ने ।
- आफूलाई प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम गठित कुनै उपसमिति वा केन्द्रीय समितिका कुनै कर्मचारीलाई प्रत्यायोजित गर्ने ।

**जिल्ला कानूनी सहायता समितिको गठन दफा ७(१)**

- उच्च अदालत रहेको जिल्लामा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता वा सो नभएको जिल्लाहरुमा जिल्ला न्यायाधिवक्ता- अध्यक्ष
- सम्बन्धित जिल्लाको महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृत- सदस्य
- जिल्ला स्थित बार एशोसिएशनका इकाईहरु मध्ये माथिल्लो इकाईको अध्यक्ष- सदस्य तर काठमाडौं जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको अध्यक्ष सदस्य हुनेछ ।

- जिल्लाका  कानून व्यवसायीहरु मध्ये जिल्ला समितिबाट मनोनीत दुई जना कानून व्यवसायी-सदस्य
- जिल्लास्थित बार एशोसिएशनका इकाईहरु मध्ये माथिल्लो इकाईको सचिव-सदस्य सचिव तर काठमाडौं जिल्लाको हकमा जिल्ला बार एशोसिएशनको सचिव सदस्य सचिव हुनेछ।

**जिल्ला कानूनी सहायता समितिको काम, कर्तव्य र अधिकार (कानूनी सहायता नियमावलीको नियम १०)**

- निर्धारित आयभन्दा कम आय  भएका धेरै व्यक्तिहरुबाट कानूनी सहायताको माग भएमा कानूनी सहायता उपलब्ध गराउनु पर्ने व्यक्तिहरुको प्राथमिकता क्रम निर्धारण गर्न आवश्यक नीति निर्धारण गर्ने र त्यसरी निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउनु पर्ने व्यक्तिहरुको प्राथमिकता क्रम निर्धारण गर्ने ।
- उच्च अदालत, जिल्ला अदालत तथा अन्य निकायमा असमर्थ पक्षको तर्फबाट कानूनी सहायता प्रदान गर्न सम्बन्धित बार ईकाईसँग समन्वय कायम गरी कानून व्यवसायीको सूची तयार गर्ने ।
- कुनै व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराउने क्रममा समितिले गरेको खर्च आंशिक वा पूर्ण रुपले छुट दिने सम्बन्धमा केन्द्रीय समितिद्वारा निर्धारित नीतिको अधीनमा रही आवश्यक निर्णय गर्ने ।
- कानूनी सहायता प्रदान गर्ने कानून व्यवसायीलाई दिने पारिश्रमिकको अङ्क निर्धारण गर्ने सम्बन्धमा केन्द्रीय समितिद्वारा निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता उपलब्ध गराउने कानून व्यवसायीको पारिश्रमिक निर्धारण गर्ने ।
- समितिको खर्च सोध भर्ना गराउँदा निजले प्राप्त गरेकोके कुल आर्थिक लाभको मूल्याङ्कन गर्ने सम्बन्धमा केन्द्रीय समितिद्वारा निर्धारित नीतिको अधीनमा रही कानूनी सहायता प्राप्त गरेको व्यक्तिले प्राप्त गरेको कुल आर्थिक लाभको मूल्याङ्कन गर्ने ।
- ऐन तथा यस नियमावली बमोजिम कानूनी सहायता उपलब्ध गराउन समितिले तोकेको कुनै कानून व्यवसायीले कानूनी सहायता उपलब्ध गराउने काममा हेलचक्रयाँई वा लापरबाही गरी सम्बन्धित व्यक्तिको मुद्दा बिग्रन गएमा त्यस्तो कानून व्यवसायीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न कानून व्यवसायी परिषद् समक्ष सिफारिस गर्न केन्द्रीय समितिलाई अनुरोध गर्ने ।
- जिल्ला समितिको वार्षिक कार्यक्रम तथा बजेट पारित गरी स्वीकृतिको लागि केन्द्रीय समितिमा पठाउने ।

**दफा १० कर्मचारी सम्बन्धी व्यवस्था**

- केन्द्रीय समिति र जिल्ला समितिमा आवश्यक संख्यामा कर्मचारीहरु नियुक्त गर्न सकिने ।

- केन्द्रीय समितिले कानूनमा कम्तीमा स्नातक भएको व्यक्तिलाई कार्यालय सचिवको पदमा नियुक्त गर्न सक्ने। त्यसरी नियुक्त नभएसम्मको अवधिको लागि केन्द्रीय समितिको अनुरोधमा नेपाल सरकारले राजपत्राङ्कित कर्मचारीलाई कार्यालय सचिवको पदमा खटाउन सक्ने ।
- जिल्ला समितिले कर्मचारीहरु नियुक्ति गर्नु अघि केन्द्रीय समितिको स्वीकृति लिनु पर्ने।
- नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाका शर्त तथा सुविधा सम्बन्धी व्यवस्था केन्द्रीय समितिले तोकिदिए बमोजिम हुने ।

**कानूनी सहायता सम्बन्धमा अदालत र स्थानीय तहसँग समन्वय**

- केन्द्रीय कानूनी सहायता समितिको मिति २०८१।७।१२ मा बसेको बैठकले जिल्ला कानूनी सहायता समितिले कानूनी सहायता समितिको व्यापक प्रचार प्रसार गर्न प्रत्येक अदालतको अगाडी गेटमा जिल्ला अदालत र उच्च अदालतसँग छलफल गरी जिल्ला कानूनी सहायता समिति अधिकारीको फोटो, फोन नं., ईमेल, मोवाइल नं. भएको ब्यानर बनाई राख्ने साथै स्थानीय निकायहरुलाई पनि निःशुल्क कानूनी सहायता जिल्ला कानूनी सहायता समितिबाट दिने जानकारी गराई पत्र पठाउने निर्णय भएको। (केन्द्रीय कानूनी सहायता समितिको जिल्ला कानूनी सहायता समितिको अध्यक्षलाई सम्बोधन गरी लेखिएको चलानी नम्बर १४, मिति २०८१।७।२६ को पत्र)

**चौथो कार्यपत्र**

**(क) लैङ्गिक हिंसाको परिचय र महिला माथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध संहितामा भएको व्यवस्थाहरु**

नगेन्द्र लम्साल
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८२।१२।१०

**लैङ्गिक हिंसा**

- लिङ्गका आधारमा शक्तिशालीबाट कमजोरमाथि गरिने भेदभावपूर्ण व्यवहार नै लैङ्गिक हिंसा हो ।
- लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पींडा पुर्याउने कार्यहरुलाई जनाउँछ।
- लिङ्गका आधारमा हुने कुनै पनि प्रकारका अपमानजनक, पीडाजन्य वा धम्कीपूर्ण ब्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिला, पुरुष वा तेस्रो लिङ्गीलाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य यस भित्र पर्छ ।
- लैङ्गिक हिंसाबाट महिला, पुरुष वा अन्य लिङ्गी जो कोही पनि पीडित हुन सक्छ ।
- हाम्रो सामाजिक संरचनामा शिक्षा, स्वास्थ्य, रोजगार, सम्पत्ति,निर्णय प्रकृयामा महिलाको कम पहुँच छ । त्यसैगरी श्रोत परिचालन, शक्तिको प्रयोगमा महिलाको कम अवसर छ । पुरुष प्रधान पारिवारिक संरचनामा पुरुषको नियन्त्रण बढी हुन्छ । त्यसैले लैङ्गिक हिंसाबाट बढी महिला पीडित हुने गरेका छन् ।
- तर लैङ्गिक हिंसा भनेको महिला माथि हुने हिंसा मात्र भने होइन ।

**हिंसाका स्वरुपहरु**

- शारीरिक हिंसा
- मानसिक हिंसा
- सामाजिक सांस्कृतिक हिंसा
- यौन हिंसा
- आर्थिक हिंसा

**लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान**

२५ नोभेम्बरदेखि १० डिसेम्बर, २०२५ (२०८२ मंसिर ९ गते देखि मंसिर २४ गते सम्म)
अन्तर्राष्ट्रिय नारा
"UNITE TO END DIGITAL VIOLENCE AGAINST ALL WOMEN AND GIRLS"
राष्ट्रिय नारा
"प्रविधिको सही प्रयोग गरौं: लैङ्गिक हिंसा अन्त्य गरौं"

**लैङ्गिक विभेद उन्मुलन गर्न संविधानमा भएको ब्यवस्था**

**धारा १८ समानताको हकः**

(१) सबै नागरिक कानूनको दृष्टिमा समानहुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन ।

**धारा ३८ महिलाको हकः**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला बिरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमासहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तीको समान हक हुनेछ ।

**महिला माथि हुने हिंसात्मक अपराधलाई दण्डनीय बनाउन भएका कानूनी ब्यवस्थाहरुः**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१
- बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२
- मुलुकी अपराध संहिता, २०७४

**मुलुकी अपराध संहिता, २०७४ को परिचय**

- मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्बन्धी कानूनहरु २०७५ साल भाद्र १ गतेबाट लागू हुने गरी २०७४ साल असोज ३० गते प्रमाणिकरण र  नेपाल राजपत्रमा प्रकाशित ।
- मुलुकी अपराध संहिताले कसूरलाई परिभाषित गरेको, मुलुकी फौजदारी कार्यविधि संहिताले अनुसन्धान, अभियोजन र मुद्दाको कारवाही सम्बन्धी कार्यविधिगत व्यवस्था गरेको र फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन ऐनले सजाय निर्धारणको

वेग्लै सनुवाई तथासजाय निर्धारण र कार्यान्वयनका सम्बन्धमा विविध व्यवस्था गरेको।

**मुलुकी अपराध संहितामा कसूरको परिभाषा**

- दफा ३ (ग) मा "कसूर" भन्नाले यस ऐन वा कानून बमोजिम सजाय हुने काम सम्झनु पर्छ।
- दफा ३ (च) मा "गम्भीर कसूर" भन्नाले तीन वर्ष भन्दा बढी दश वर्ष सम्म कैद सजाय हुने कसूर सम्झनु पर्छ ।
- दफा ३ (छ) मा "जघन्य कसूर" भन्नाले जन्म कैद वा दश वर्ष भन्दा बढी कैद सजाय हुने कसूर सम्झनु पर्छ ।

**मुलुकी अपराध संहितामा सजायका प्रकार**

दफा ४० को उपदफा (१) मा कसूरको गम्भीरता अनुसार सजायको ब्यवस्था गरेको

(क) जन्म कैद,

(ख) कैद,

(ग) जरिबाना,

(घ) कैद र जरिबाना,

(ङ) क्षतिपूर्ति,

(च) जरिबाना वा क्षतिपूर्ति नतिरे बापतको कैद,

(छ) कैदको सट्टा सुधार गृह वा सामुदायिक सेवा ।

**महिलामाथि हुने कसूरलाई दण्डनीय बनाउन मुलुकी अपराध सहिंतामा भएको व्यवस्थाहरु**

**कसूरदारलाई हतोत्साहित गर्ने व्यवस्थाहरु**

- नेपाली नागरिक विरुद्धअङ्गभङ्ग गरेको कसूर दफा २(३)(ग), दफा १९२क. तेजाब प्रयोग गरी अङ्गभङ्ग गर्न नहुने कसूर दफा २(३)(ग१), अपहरण, शरीर बन्धक वा गैरकानूनी थुनामा राखेको कसूर दफा २(३)(घ), जवरजस्ती करणी वा हाडनाता करणीको कसूर लगायतका केही कसूर नेपाल बाहिर गरेको भए पनि नेपाल भित्रै कसूर गरेको मानी सजाय हुन सक्ने ।दफा २(३)(ङ)
- जवरजस्ती करणीको कसूरबाट पीडित महिलालाई समेत निजी रक्षाको अधिकार प्राप्त हुने। दफा २६(२) (ख)
- जवरजस्ती करणी गरी ज्यान मारेको कसूरमा कसूरदार जीवित रहेसम्म कैद हुने व्यवस्था रहेको । दफा ४१ (च)

**मुलुकी अपराध संहितामा भएको ब्यवस्थाहरु**

- सार्वजनिक स्थानमा महिला र बालबालिकासमेतलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गरेमा कसूर गर्ने वा गराउनेलाई १ वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने। दफा ११८ । हानि नोक्सानी बापत दफा १२७ मा क्षतिपूर्तिको ब्यवस्था ।
- लिङ्ग, वैवाहिक स्थिति र गर्भावस्थासमेतका आधारमा भेदभावपूर्ण व्यवहार गरेमा कसूर गर्ने वा गराउनेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६०
- दास वा कमारा, कमारी बनाउन, राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन नहुने । कसूर गरेमा पाँच वर्षदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने । दफा १६३
- दफा १६८(३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु वा गराउनु हुँदैन । दफा १६८(४) मा कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय । दफा १६८ (५) मा राष्ट्रसेवकले यस दफामा लेखिएको कसूर गरेमा निजलाई थप तीन महिनासम्म कैद सजाय हुने।
- विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी बिना विवाह गराईएमा विवाह बदर भई कसूर गर्नेलाई दुई वर्ष सम्म कैद र बीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७१
- परम्परा अनुसार चली आएको अवस्थामा बाहेक हाडनाता करणीमा सजाय हुने नातामा विवाह गर्न वा गराउने कार्य गरेमा विवाह थाहा नपाई भएकोमा विवाह बदर हुने तथा जानी जानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूरमा हुने सजाय र गराउनेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने र त्यस्तो विवाह स्वतः बदर हुने ।दफा १७२
- विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी विवाह गर्न वा गराउन नहुने । उक्त विवाह बाल विवाह हुने र भएको विवाह स्वतः बदर हुने । कसूर गर्नेलाई तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा १७३
- आफ्नो परम्परादेखि चली आएको सामान्य उपहार, भेटी, दक्षिणा वा शरीरमा लगाएको एकसरो गहना बाहेक विवाह गर्ने दुलाहा दुलहीका तर्फबाट कुनै किसिमको माग गरी वा लेनदेन शर्त राखी विवाह गर्न वा गराउन हुँदैन । कसूर गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने। दफा १७४ (१) र (२) ।
- कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा चल, अचल सम्पत्ति वा दाइजो नदिएको कारणले दुलही वा निजका नातेदारलाई हैरान पार्न,

सताउने वा कुनै अमानवीय वा अपमानजनक व्यवहार गर्न नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने। दफा १७४ (३) र (४) ।

- विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न नहुने। कुनै पुरुष विवाहित हो भन्ने जानी जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्न नहुने । पति पत्नीले कानून बमोजिम अंशवण्डा गरी भिन्न भएमा पुरुष वा महिलाले पुनः विवाह गर्न सक्ने । कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुने । विवाह स्वतः बदर हुने । दफा १७५
- कसैले कसैलाई आत्महत्याको दुरुत्साहन दिन वा त्यस्तो काम गर्नेसम्मको परिस्थिति खडा गर्न वा गराउन नहुने । कसूर गरेमा ५ वर्षसम्म कैद र ५० हजार सम्म जरिवाना हुने - दफा १८५ ।

**महिलाको प्रजनन अधिकार सुरक्षित गर्न अपराधिकरण गरिएका विषयहरु**

- गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने । दफा १८८(२) कसूर गर्ने वा गराउनेलाई अवधि अनुसार ५ वर्षसम्म कैद र रु ५० हजारसम्म जरिवाना हुने । दफा १८८(३)
- गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चसीस हप्ता भन्दा बढी अवधिको गर्भपतन भएमा कसूरदारलाई यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुने । ज्यान मार्ने उद्योगमा हुने सजायमा थप ५ वर्षसम्म कैद हुने । दफा १८८(५)
- गर्भवती महिला विरुद्ध कुनै रिसइवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि अवधी अनुसार ५ वर्षसम्म कैद हुने। दफा १८८(६) ।
- गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद । लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई दफा १८८(३) को सजायमा थप एक वर्षसम्म कैद । दफा १८८ (८) ।

**महिलाको स्वायत्तता सुरक्षित राख्न गरिएका व्यवस्थाहरु**

- गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ पतन गराएकोमा, गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा, जवरजस्ती करणी वा हाडनाता करणीबाट रहेको १८ हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन

गराएकोमा र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच.आई.भि.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले गर्भपतन गराएकोमा कसूर नमानिने । दफा १८९

**महिलाको संवेदनशील अंगमा शारीरिक क्षति पुर्याएमा**

- महिलाको स्तनकाटी दिएमा वा महिलालाई बाझोपन बनाएमा अङ्गभङ्गको कसूर मानी १० वर्षसम्म कैद र १ लाख सम्म जरिवाना हुने । दफा १९२

**महिलालाई लक्षित गरी हुने अपराधमा कठोर सजायको ब्यवस्था**

- तेजाब प्रयोग गरी अङ्गभङ्ग गरेमा । अवस्था अनुसार बीस वर्ष कैद र दश लाख रुपैयाँ जरिवाना, पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र सात लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना, सात वर्षदेखि दश वर्षसम्म कैद र पाँच लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म जरिवाना, पाँच वर्षदेखि सात वर्षसम्म कैद र एक लाख रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना । दफा १९२ क (उपदफा १ देखि ६)
- तेजाब प्रयोग गरी अङ्गभङ्गको कसूरको पीडितले जरिवाना बापत प्राप्त पूरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनुपर्ने । दफा १९२ क (७)
- पीडित व्यक्तिलाई भएको शारीरिक र मानसिक पीडा र अङ्गभङ्गको गम्भीरता तथा जरिवाना रकम समेत विचार गरी सजाय निर्धारण गर्दा मनासिव क्षतिपूर्ति भराउनु पर्ने । दफा १९२ क (८)
- ज्वलनशील, जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्ने कसूरदारलाई अनुहार कुरुप पारेमा ५ वर्ष देखि ८ वर्षसम्म कैद र १ लाख देखि ५ लाखसम्म जरिवाना र शरीरको अन्य अङ्ग कुरुप पारेमा वा शरीरमा पीडा पुर्याएमा तीन वर्षदेखि पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि तीन लाख रुपैयाँसम्म जरिवाना हुने ।दफा १९३ (२) ।
- उक्त कसूरमा जरिवाना बापत प्राप्त पुरै रकम पीडितलाई क्षतिपूर्ति बापत दिनु पर्ने। दफा १९३ (३) ।

**कठोर सजायको ब्यवस्था**

दफा २१९ जबर्जस्ती करणी गर्न नहुने

(१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन ।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्ष भन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिनेछ ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(क) करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिई लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

स्पष्टिकरणः यस परिच्छेदको प्रयोजनको लागिः

(ख) होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन,

(ग) गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनीमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्ग बाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जवर्जस्ती करणी गरेको मानिनेछ ।

(३) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः

(क) दश वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपाङ्गता भएका वा सत्तरी वर्षभन्दा बढी उमेरका महिला भए जन्म कैद,

(ख) दश वर्ष वा दश वर्षभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए अठार वर्षदेखि बीस वर्षसम्म,

(ग) चौध वर्ष वा चौध वर्षभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए बाह्र वर्ष देखि चौध वर्षसम्म,

(घ) सोह्र वर्ष वा सोह्र वर्षभन्दा बढी अठार वर्षभन्दा कम उमेरकी महिला भए दश वर्षदेखि बाह्र वर्षसम्म,

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए सात वर्षदेखि दश वर्षसम्म।

(३क) जवर्जस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिवाना समेत हुनेछ र त्यस्तो जरिवाना बापत प्राप्त सबै रकम प्रचलित कानून बमोजिम स्थापना भएको पीडित राहत कोषमा जम्मा गरिनेछः

(क) उपदफा (३) को खण्ड (क) वा (ख) बमोजिम कैद सजाय हुने कसूरदारलाई सात लाख रुपैयाँ जरिवाना,

(ख) उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कैद सजाय हुने कसूरदारलाई पाँच लाख रुपैयाँ जरिवाना,

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई तीन लाख रुपैयाँ जरिवाना,

- वैवाहिक सम्बन्ध रहेको अवस्थामा पतिले पत्नीलाई जबर्जस्ती करणी गरेमा पाँच वर्ष सम्म कैद हुने ।दफा २१९ (४)
- प्रतिरोधक क्षमता ह्रास गर्ने जिवाणु (एच.आई.भि. पोजिटिभ) वा सरुवा यौनरोग भएको थाहा पाउँदा पाउँदै कसैले जबर्जस्ती करणी गरेको रहेछ भने त्यस्तो कसूरदारलाई उपदफा (३) मा लेखिएको सजायमा थप सजाय हुने ।दफा २१९(६)

(क) एच.आई.भि. पोजिटिभ भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी गरेमा दफा १०५ बमोजिमको सजाय, (दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना) दफा २१९(६)

(ख) अन्य सरुवा यौन रोग भएको थाहा पाउँदा पाउँदै जबर्जस्ती करणी भएको भए तीन वर्ष कैद र तीस हजार रुपैयाँ जरिवाना । दफा २१९ (६)

- सामूहिक रुपमा जवर्जस्ती करणी गरेमा वा ६ महिना भन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रुपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जवर्जस्ती करणी गरेमा उपदफा (३) मा लेखिएको सजायमा थप पाँच वर्षसम्म कैद सजाय हुने । दफा २१९ (७)
- कसैले हाडनाताकी महिलालाई जबर्जस्ती करणी गरेकोमा निजलाई हाडनाता करणीमा हुने सजाय समेत थप हुने ।
- हाडनातामा करणी गरेमा नाता सम्बन्ध हेरी अधिकतम जन्मकैद देखि न्यूनतम एक वर्षदेखि तीन वर्षसम्म कैद र दश हजार रुपैयाँदेखि तीस हजार रुपैयाँसम्म जरिवाना। दफा २२०अदालतमा कारबाहीका लागि व्यक्तिले मुद्दा दिनुपर्ने। क्षतिपूर्तिको ब्यवस्था नभएको ।
- यौन दुर्व्यवहार गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने ।क्षतिपूर्तिको ब्यवस्था भएको। दफा २२४ ।
- बालबालिकालाई बालयौन दुरुपयोग गरेमा तीन वर्ष सम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।दफा २२५
- बालबालिकालाई अप्राकृतिक मैथुन गरेमा दफा २१९ को जबरजस्ती करणीको सजाय बमोजिम सजाय हुने । दफा २२६ (३)
- कसैले कसैको मञ्जुरी बिना अप्राकृतिक मैथुन गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । अदालतमा कारबाहीका लागि पीडितले मुद्दा दिनुपर्ने। क्षतिपूर्तिको ब्यवस्था भएको । दफा २२६ (१) र (२) ।
- करणी सम्बन्धी कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको डर, धाक, धम्की दिई वा करकापमा पारी कुनै किसिमको लेनदेन गरी वा नगरी त्यस्तो कसूरमा उजुरी नगर्न, जाहेरी नदिन वा अदालतमा उपस्थित नहुन मञ्जुर गराउन वा कसूर गर्ने व्यक्ति र पीडित वा पीडितको परिवारको सदस्यबीच मेलमिलाप वा मिलापत्र गराउन वा त्यसको लागि दबाव दिन वा प्रभावमा पारेमा कसूर गर्ने गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने । दफा २२७ 'क' (१) र (२) ।
- सार्वजनिक पद धारण गरेको व्यक्तिले करणी सम्बन्धी कसूरमा मिलापत्र गराउने कार्यमा दफा २२७ 'क' (१) को कसूर गरेमा दफा २२७ 'क'(२) मा हुने सजायमा थप ६ महिना कैद सजाय हुने ।दफा २२७ 'क' (३)

- दफा २२९ मा परिच्छेद १८ को करणी सम्बन्धी कसूरमा हदम्याद सम्बन्धी व्यवस्था रहेकोः (१) दफा २२० अन्तर्गतको हाडनातामा करणी गर्न नहुने कसूरमा जहिलेसुकै पनि उजुर गर्न सकिनेछ ।

(२) दफा २१९,२२१,२२२,२२३,२२४,२२५,२२६ को उपदफा (३) र दफा २२७ क. को उपदफा (१) अन्तर्गतको कसूर बालबालिकाको विरुद्ध भएकोमा त्यस्तो बालबालिका अठार वर्ष पूरा भएको मितिले तीन वर्षभित्र, त्यस्तो कसूर पूर्ण अशक्त अपाङ्गता भएका, सुस्त मनस्थिति भएका वा सत्तरी वर्षभन्दा बढी उमेर भएका व्यक्तिका विरुद्ध भएमा कसूर भएको मितिले तीन वर्षभित्र र अन्यको हकमा त्यस्तो कसूर भएको मितिले दुई वर्षभित्र र यस परिच्छेद अन्तर्गतको अन्य कसूरमा त्यस्तो कसूर भएको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

**दफा २२९ हदम्यादः**

तर थुनामा रहेको वा नियन्त्रणमा लिएको वा अपहरण गरेको वा शरीर बन्धक लिएको व्यक्ति विरुद्ध कसूर भएकोमा थुना, नियन्त्रण अपहरण वा शरीर बन्धकबाट मुक्ति पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन ।

## (ख) घरेलु हिंसा सम्बन्धी कानूनमा भएको व्यवस्था

नगेन्द्र लम्साल
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोट
२०८२।१२।१०

**घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६**

- घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्छ ।दफा २ (क)
- घरेलु सम्बन्ध भन्नाले बंशज, विवाह वा धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुक्त परिवारको सदस्य, आश्रित वा कामदारको रुपमा एकै परिवारमा बसेका व्यक्तिहरुका बीचमा भएको सम्बन्ध सम्झनुपर्छ र सो शब्दले सँगै बसेका जोडी वा अंश लिई वा नलिई भिन्न बसेका पति वा पत्नीको सम्बन्ध समेतलाई जनाउँछ । दफा २ (ख)
- ऐनले शारीरिक यातना, मानसिक यातना, यौनजन्य यातना र आर्थिक यातना बारे दफा २ को परिभाषा खण्डमा उल्लेख ।
- पीडित भन्नाले पीडकसँग घरेलु सम्बन्ध भै निजद्वारा गरिएको घरेलु हिंसाबाट पीडित भनी दाबी गर्ने व्यक्ति सम्झनुपर्छ । दफा २ (छ)
- पीडक भन्नाले पीडितसँग घरेलु सम्बन्ध भै निज विरुद्ध घरेलु हिंसा गरेको भनी पीडितले दाबी गरेको व्यक्ति सम्झनु पर्छ र सो शब्दले घरेलु हिंसा गर्ने कार्यमा संलग्न रहेको अन्य व्यक्ति वा मतियारलाई समेत जनाउँछ।दफा २ (ज)
- प्रहरी कार्यालय भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थलको नजिकको प्रहरी कार्यालय सम्झनु पर्छ र सो शब्दले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँछ । दफा २ (झ)
- स्थानीय तह भन्नाले पीडित बसोबास गरेको वा पीडक रहेको वा घटना भएको गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको वडा समिति समेतलाई जनाउँछ । दफा २ (ञ)

**घरेलु हिंसाका सम्बन्धमा उजूरी गर्ने निकायहरुः दफा ४ र ५**

दफा ४ अन्तर्गत

१ प्रहरी कार्यालय

२ स्थानीय तह

३ राष्ट्रिय महिला आयोग

दफा ५

४ सम्बन्धित जिल्ला अदालत

**<u>उजूरी गर्ने दफा ४</u>**

- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय, राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजूरी दिन सक्ने । दफा ४ (१)
- उजूरी लिखित रुपमा प्राप्त भएकोमा तुरुन्त र मौखिक रुपमा प्राप्त भएकोमा सो सम्बन्धी आवश्यक विवरण लेखी लेखाई उजूरीकर्ताको सहीछाप गराई दर्ता गर्नु पर्नेछ । दफा ४ (२)
- राष्ट्रिय महिला आयोगमा दर्ता भएको उजूरीको सम्बन्धमा राष्ट्रिय महिला आयोग सम्बन्धी प्रचलित कानून बमोजिम कारबाही हुने । दफा ४ (३)
- प्रहरी कार्यालयमा उजूरी दर्ता भएकोमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई र अटेर गरे पक्राउ गरी तुरुन्त बयान गराउनुपर्ने। दफा ४(४)
- स्थानीय तहमा उजूरी दर्ता भएकोमा बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र पीडकलाई झिकाई तथा अटेर गरेमा प्रहरीको सहयोग लिई पक्राउ गरी तुरुन्त बयान गराउनुपर्ने। दफा ४(५)
- घरेलु हिंसाका कारण पीडितलाई कुनै शारीरिक चोटपटक वा मानसिक यातना पुगेको देखिएमा तत्काल उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको उपचार र घा जाँच गराउनु पर्ने । स्थानीय तहले गराएको घा जाँच प्रतिवेदनको एक प्रति प्रहरी कार्यालयमा पठाउनुपर्ने । दफा ४(६)
- उजूरीको प्रारम्भिक छानबिन गर्दा पीडित र निजसँग आश्रित व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षाको व्यवस्था मिलाउनुपर्ने । दफा ४(७)
- पीडकको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय तहले उजूरी परेको मितिले तीस दिन भित्र दुवै पक्ष बीच मेलमिलाप गराइदिनु पर्ने ।दफा ४(८)।
- तर दफा ५क. बमोजिम परेको जाहेरीको सम्बन्धमा प्रचलित कानून बमोजिम हुने ।
- मेलमिलाप गराउँदा आवश्यकता अनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाजसेवी, पीडितले पत्याएको परिवारको सदस्य र अन्य साक्षी समेतको सहयोग लिन सकिनेछ । यसरी मेलमिलाप गराउँदा पीडितलाई पर्न सक्ने मनोवैज्ञानिक तथा सामाजिक प्रभाव र गोपनीयताको अधिकार समेतलाई ध्यानमा राख्नु पर्नेछ । दफा ४(९)
- प्रहरी कार्यालय वा स्थानीय तहले उजूरीको कारबाही र किनारा गर्दा पीडकलाई तारेखमा राखी गर्नु पर्नेछ।दफा ४(१०)

- पीडक उपस्थित नभएमा वा उपस्थित गराउन नसकिएमा वा पक्षहरुबीच मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय तहले उजूरीकर्ताको सहमति भएमा उजूरी परेको ३० दिनको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र सोही व्यहोरा उल्लेख गरी उजूरी र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण अदालत समक्ष पठाइदिनु पर्ने । दफा ४(११)
- स्थानीय तहलाई उपदफा (५) र (७) बमोजिम सहयोग उपलब्ध गराउनु प्रहरी कार्यालयको कर्तब्य हुनेछ। दफा ४(१२)
- दफा ५ क. प्रहरीमा जाहेरी दिन सक्ने सम्बन्धी ब्यवस्था
- दफा ६ मा पीडितलाई तत्काल संरक्षण दिन आवश्यक देखिएमा अदालतले उजुरीकोअन्तिम निर्णय नभएसम्मको लागि पीडकका नाममा अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने।
- दफा ७ बमोजिम पीडितले अनुरोध गरेमा उजूरी सम्बन्धी कारबाही र सुनुवाई अदालतले बन्द इजलासमा गर्नुपर्ने ।
- दफा ८ संक्षिप्त कार्यविधि अपनाउनुपर्ने ।
- दफा ९ पीडितको उपचारको रकम पीडकले व्यहोर्नेः पीडकले उपचार खर्च तत्काल उपलब्ध गराउन नसक्ने भएमा सम्बन्धित स्थानीय तहले तत्काल खर्च उपलब्ध गराई त्यस्तो रकम पीडकबाट असूल गर्नु वा गराउनु पर्नेछ ।
- दफा १० अनुसार अदालतले पीडकबाट मनासिव माफिकको क्षतिपूर्ति भराइदिन सक्ने।

**दफा ११ सेवा केन्द्र सम्बन्धी व्यवस्था**

- पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाको लागि नेपाल सरकारले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्ने ।
- नेपाल सरकारसँग समन्वय गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यकता अनुसार सेवा केन्द्रको स्थापना गर्न सक्ने ।
- नेपाल सरकारले स्थापना गरेका सेवा केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता सेवा केन्द्र प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्ने ।
- कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई सेवा केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने।
- सेवा केन्द्रलाई दफा १२ बमोजिमको कोषबाट आर्थिक तथा अन्य सहायता प्रदान गर्न सक्ने ।
- सेवा केन्द्रले आवश्यकता अनुसार पीडितलाई कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउन सक्ने ।

- **सेवा कोषः** दफा १२ बमोजिम नेपाल सरकार, प्रदेश सरकारले प्रदेश कानून बमोजिम र स्थानीय तहले स्थानीय कानून बमोजिम सेवा केन्द्र सञ्चालनका लागि सेवा कोष स्थापना गर्न सक्ने ।
- **स्थानीय तहमा संरक्षण अधिकृतः**दफा १२क. बमोजिम स्थानीय तहले घरेलु हिंसा नियन्त्रण गर्न तथा घरेलु हिंसाबाट पीडित व्यक्तिलाई संरक्षण गर्ने काम समेतका लागि **एकजना संरक्षण अधिकृत तोक्न सक्ने ।**
- **निशुल्क कानूनी सहायता उपलब्ध गराउनेः**दफा १२ख. नेपाल सरकारले घरेलु हिंसाबाट पीडित व्यक्तिलाई निजको अनुरोधमा जिल्ला कानूनी सहायता समिति मार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराउने ।
- दफा ५क. मा उल्लिखित मुद्दा नेपाल सरकार वादी भई चल्नेछ। दफा १२ग.

**सजाय दफा १३**

- नेपाल सरकारवादी भई चलेको मुद्दामा प्रचलित कानून बमोजिम सजाय हुने ।
- अन्य घरेलु हिंसा गरेमा तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजायहुने ।
- घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने ।
- घरेलु हिंसाको कसूरमा सजाय पाइसकेको व्यक्तिले पुनः सोही कसूर गरेमा पटकैपिच्छे दोब्बर सजाय हुने ।
- सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफ्नो पत्नी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नाबालक वा गर्भवती महिला विरुद्ध कसूर गरेमा थप दश प्रतिशत सजाय हुने ।
- जिल्ला अदालतले दफा ६ बमोजिम अन्तरिम संरक्षणात्मक आदेश जारी गरेकोमा अदालतबाट दिएको आदेश पालन नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयादेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजाय हुने ।
- हदम्यादः कसूर भए गरेको मितिले ९० दिनभित्र उजुरी दिनुपर्ने ।